नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)
सिंहदरबार, काठमाडौं
फोन : ४४११५६१, ४४६४६८६, ४४६२०५६, ४२००८९५
फ्याक्स : ४२००११४
Website : www.donidcr.gov.np
E-mail : info@donidcr.gov.np, vital@donidcr.gov.np

पत्र संख्या : २०७८/७९
चलानी नं. १९९४

मिति : २०७८।११।०४

बिषय : राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (पहिलो संशोधन) नियमावली, २०७८ सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय सबै।
श्री ईलाका प्रशासन कार्यालय सबै।
श्री स्थानीय तह सबै ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/१०/२४ गतेको निर्णयानुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम १६ को उपनियम (६) मा देहाय बमोजिम संशोधन भई मिति २०७८।११।०२ गते नेपाल राजपत्रमा समेत प्रकाशित भईसकेको हुँदा सोही अनुसार कार्यान्वयवन गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम १६ को उपनियम (६) मा संशोधन:

"(६) विदेशी र नेपाली नागरिकबीच विदेशमा भएको विवाह दर्ता गर्नु परेमा विवाह भएको मुलुकको प्रचलित कानून बमोजिम विवाह भएको दर्ता प्रमाणपत्र र कन्सूलर सेवा विभाग वा नेपालस्थित सम्बन्धित मुलुकको कुटनीतिक नियोग वा सम्बन्धित मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगबाट भएको प्रमाणिकरण सहित यस नियम बमोजिम सूचना दिनु पर्नेछ।

तर नेपाल प्रवेश गर्न भिसा आवश्यक नपर्ने मुलुकको महिला र नेपाली नागरिकबीच भएको विवाहको हकमा विवाह भएको यकिन हुने प्रमाण राखी सूचना दिन सकिनेछ र यसरी सूचना दिइएकोमा सम्बन्धित स्थानीय पञ्जीकाधिकारले विवाह भएको यकिन गरी विवाह दर्ता गरिदिन सक्नेछ।"

.....

(बिनीता भट्टराई)
निर्देशक